

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं १६ गते आइतबार ❑ 1 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## डिजिटल नेपालले उत्पादन बृद्धि र भ्रष्टचार नियन्त्रण गर्छः मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले डिजिटल नेपालले देशमा उत्पादन बृद्धि र भ्रष्टचार नियन्त्रण गर्ने बताउनु भएको छ।

प्रेस चौतारी नेपाल गण्डकी प्रदेशले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री गुरुङले डिजिटल नेपाल बनाउन सके त्यसबाट देशको उत्पादन बृद्धि हुनुका साथै भ्रष्टचार नियन्त्रण गर्ने बताउनु भएको हो। डिजिटल नेपालको अभियान पूरा गर्न केहीले २ देखि ७ बर्ष लाग्ने भन्ने गरेको र यसमा करिब ३० अर्ब बजेट आवश्यक भएको उहाँले जनाउनुभयो। अघिल्लो सरकारले उक्त कार्यक्रम योजना समेटे पनि प्रयाप्त बजेट विनियोजन नगरेकोले




आफुहरुले यस अभियान सफल पार्न थारै बजेटबाटै भए पनि सुरुवात गरेको मन्त्री गुरुङले दाबी गर्नुभयो। सरकारी अड्डाहरुलाई पेपरलेस बनाउने अभियानमा सरकार लागेको बताउदै मन्त्री गुरुङले जनतालाई दश ठाँउमा पुगेर सेवा लिनुपर्ने झनझटीलो प्रकृयालाई डिजिटल प्रविधिबाट अन्त्य गर्ने उहाँल जनाउनुभयो। नेपालको आफ्नो सुरक्षा र आफ्नो पनको लागि पनि स्याटलाइट आवश्यक भएको उहाँले बताउनु भयो।

सेक्यूरिटी प्रिन्टिङ प्रेस सरकारले आफै खरिद गरी हुलाक टिकट देखि राहदानी, विभिन्न प्रकारका व्याच समेत स्वदेशमै प्रिन्टिङ गर्ने लक्ष्य राखेको मन्त्री गुरुङले बताउनु भयो। एक बर्ष भित्र राहदानी नेपालमै छाप्ने योजना रहेको उहाँले उल्लेख गर्नु भयो। नेपाललाई आईटि हब बनाउने लक्ष्य रहेको बताउदै उहाँले पोखरा, काठमाडौं, चितवन, वुटवल लगायतका शहरहरुमा ५ जि इन्टरनेट सेवा संचालन गर्ने सरकारको योजना रहेको उहाँले बताउनुभयो। देशका ३/४ ठाँउमा डाटा सेन्टर स्थापना गर्न आवश्यक भएको बताउदै उहाँले पोखरामा समेत डाटा सेन्टर राख्ने मन्त्री गुरुङले बताउनुभयो। नेकपा एमालेका उपमहासचिव समेत रहनु भएको मन्त्री गुरुङले केन्द्रमा एमाले कागेंस बिच भएको सहमतीको आधारमा गण्डकी प्रदेश सरकार गठनमा नयाँ सत्ता गठबन्धनको सरकार गठनमा ढिलाई गर्न नहुने बताउनुभयो। गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री समेत रहनु भएको मन्त्री गुरुङले प्रहरी ऐन र संघिय निजामति कर्मचारी ऐन नवनेसम्म संघियता कार्यान्वयनमा कठिन हुने बताउनु भयो। प्रदेश सरकारलाई दिगो र आत्मनिर्भर बनाउन उक्त ऐन आवश्यक भएको उहाँको भनाई थियो।

## गुप्तेश्वर गुफाको संरक्षणका लागि सामूहिक प्रयासको खाँचो: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले हिन्दु धर्म संस्कृति सनातन देखिको संस्कार रहेको बताउनुभएको छ।

पोखरा १७ स्थित गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिको २९ औं वार्षिक साधारणसभामा प्रमुख अतिथि उहाँले गुप्तेश्वर महादेव गुफा ऐतिहासिक, पुरातात्विक एवं धार्मिक महत्व बोकेको प्रमुख पर्यटकीय गन्तव्य रहेको उल्लेख गर्नुभयो। प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तव्य गुप्तेश्वर गुफाको संरक्षण र विकासका लागि सामूहिक प्रयासको खाँचो रहेको बताउँदै उहाँले गुफालाई सुरक्षित राख्नुपर्नेमा जोड दिनुभयो। 'यहाँको टड्कारो आवश्यकता र हाम्रो मुख्य दायित्व भनेको गुफा




र वरपर निर्मित संरचनाको सुरक्षा र संरक्षण नै हो।' उहाँले भन्नुभयो - 'स्थानीयबासी, गुफा व्यवस्थापन समिति सबै पक्षको सहकार्य र पहलले मात्र यस क्षेत्रको मापदण्ड पालना, गुफाको संरक्षणसँगै आफ्नो पनि सुरक्षाका विषय सम्बोधन हुन सक्दछ भन्नेमा सचेत रहनुपर्दछ।' वर्षेनी लाखौं पर्यटकले अवलोकन गर्ने र वार्षिक ५ करोड बढी आम्दानी हुने यस गुफाबाट शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान गरेको बताउँदै जनसहभागिताबाट संचालनमा रहेको संस्थाले राज्य तहबाटै गर्ने काम गरिरहेको भन्दै प्रशांस गर्नुभयो।

'गुप्तेश्वर गुफा व्यवस्थापन समितिले गुफाको आम्दानीबाट गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस र गुप्तेश्वर महादेव वेद विज्ञान पाठशाला सञ्चालन गर्नु प्रशंसनीय काम हो।' - उहाँले भन्नुभयो।

## वैकल्पिक पदमार्गहरुको पहिचान र विकास गर्न आवश्यक छ: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नयाँ र वैकल्पिक पदमार्गहरुको पहिचान र विकास गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभएको छ।

ट्रेकिङ एजेन्सीज् एशोसियसन अफ नेपाल (टान), गण्डकीको ३१ औं वार्षिक साधारणसभा तथा १८ औं अधिवेशनका प्रमुख अतिथि भट्टले ग्रामीण सडकको अवैज्ञानिक विकास विस्तारसँगै सदियौँदेखि सञ्चालनमा रहेका पदमार्गहरू विस्तारै लोप हुँदै गइरहेको अवस्थामा वैकल्पिक पदमार्गहरु आवश्यक रहने बताउनुभएको हो। पर्यटकको बसाईं अवधि जति लम्ब्याइयो उति नै मुलुकलाई फाइदा हुने उहाँको भनाई छ।

"गण्डकी प्रदेशको राजधानी पोखरा मुलुककै पर्यटकीय राजधानी पनि हो। पोखरा पदयात्राको मूलद्वारका रुपमा लिइन्छ। नेपालको पर्यटन उद्योगको थालनी पर्वतारोहण र पदयात्राबाटै भएको हो।' उहाँले भन्नुभयो - 'यस प्रदेशमा दर्जनौं विश्वपरिचित पदमार्ग छन्।




प्रख्यात अन्नपूर्ण पदमार्ग, मनासलु ट्रेक लगायतका पदमार्गहरु हाम्रा सम्पति हुन्। जसलाई हामीले जोगाउनुपर्दछ।'

उहाँले पथ प्रदर्शकले पर्यटकहरूलाई गन्तव्यमा पुऱ्याई प्राकृतिक सुन्दरता, मनमोहक वातावरण, ऐतिहासिक सम्पदा लगायतका महत्वका स्थानहरुको अवलोकन गराउन महत्वपूर्ण भूमिका खेलेको बताउँदै देशलाई विश्वमाझ चिनाउन नेपालको पर्यटन क्षेत्रमा महत्वपूर्ण सहयोगीका रुपमा रहेको बताउनुभयो।

माछापुच्छ्रे मोडल ट्रेक, मिलिनियम ट्रेक, धौलागिरी आइसफल ट्रेक, हिडनलेक ट्रेक, कपुचे लेक ट्रेकसहित दर्जनभन्दा बढी पदयात्रा मार्गहरुको खोज तथा प्रवर्द्धन कार्य भएको जानकारी लिन पाउँदा खुशी लागेकोबताउँदै उहाँले यसरी नै पदयात्रा क्षेत्रलाई व्यावसायिक र मर्यादित बनाउँदै आइपरेका चुनौतीहरुलाई सामना गरेर सरोकारवाला पक्ष अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो। पदयात्राको विकासले घरबास कार्यक्रमलाई सकारात्मक सहयोग पुगेको पनि उहाँको भनाई छ।

'पदयात्राका सहयोगीहरुले हाम्रो संस्कार र चालचलनको प्रतिनिधित्व गर्दछन्। विश्वमाझ हाम्रो चिनारी पर्यटकहरुलाई गरिने व्यवहारबाट प्रतिविम्वित हुन्छन्।' प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'त्यसैले, पथप्रदर्शकहरुले हाम्रो परिचय दिने हुँदा उहाँहरु सभ्य, सुसंस्कृत हुन जरुरी छ। र, टानले पथ प्रदर्शकहरुलाई आवश्यक तालिम तथा दक्षता अभिवृद्धिका लागि सक्रियता देखाउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु।'ट्रेकिङ्ग एजेन्सीज् एशोसिएशन अफ नेपाल (टान) गण्डकीको अध्यक्षमा कृष्ण प्रसाद आचार्य चयन भएका छन्। अधिवेशनले आगामी २ बर्षीय कार्यकालको लागि आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्वत रुपमा चयन भएका हुन्। यस अघि आचार्य संस्थाको प्रथम उपाध्यक्षमा रहेको टानले जनाएको छ। निवर्तमान अध्यक्षमा धर्मराज पन्थी रहेका छन्। त्यसै गरी टान गण्डकीको प्रथम उपाध्यक्षमा तिर्थराज सुवेदी, द्धितिय उपाध्यक्षमा मोहन प्रसाद सुवेदी, सचिवमा गोपाल कृष्ण संग्रहौला, सहसचिवमा भुपेन्द्र कुमार लामा, कोषाध्यक्ष केशव प्रसाद सापकोटा, सदस्यहरुमा प्रकाश पौडेल, माधव प्रसाद खनाल, रेनुका कार्की, चन्द्र बहादुर भुजेल, बलराम दाहाल, अजयराज अधिकारी, भुपेन्द्र गौतम र श्रीकृष्ण तिमिल्सिना चयन भएका हुन्।

## भौतिकमन्त्री दाहालद्वारा निर्माणाधीन मुग्लिन-पोखरा सडक योजना अनुगमन

**पोखरापत्र संवाददाता**
दमौली, १५ भदौं

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले निर्माणाधीन मुग्लिन-पोखरा सडक योजनाको अनुगमन गर्नुभएको छ। दाहालले शुक्रबार साँझ मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) अन्तर्गत तनहुँको आँबुखैरेनीदेखि जामुने र पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्मको सडकको स्थलगत अनुगमन गर्नुभएको हो।

मन्त्री दाहालले आयोजनाको प्रगतिबारे चासो राख्दै बाँकी कामलाई तीव्रता दिन निर्देशन दिनुभएको छ। उहाँले आयोजनाको काममा आइपर्ने समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको बताउँदै काममा ढिलासुस्ती नगर्न आग्रह गर्नुभएको छ। मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)का इन्जिनियर विष्णुप्रसाद पाण्डेलेआँबुखैरेनीदेखिजामुनेसम्मको प्रगतिबारे मन्त्री दाहाललाई जानकारी गराउनुभएको छ। यो खण्डमा हालसम्म ६५ प्रतिशत प्रगति भएको पाण्डेले जानकारी गराउनुभयो। त्यस्तै दमौलीस्थित मादी नदीमा निर्माण भइरहेको पुलमा ३० प्रतिशत प्रगति भएको उहाँको भनाइ थियो।

यो खण्डमा एक वर्षमा ५५ किलोमिटर दुई लेन सडक कालोपत्र भएको छ। हालसम्म भने एकतर्फी रुपमा ६३ किलोमिटर खण्ड कालोपत्र सकिएको उहाँको भनाइ छ। पूर्वी खण्डअन्तर्गत व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका पर्दछन्। त्यसमध्ये व्यास नगरपालिकाको दमौली


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## तीज पर्वले समृद्धिको सन्देश दिनुपर्दछः मन्त्री भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले नेपाली नारीहरूको महान् पर्व हरितालिका तीजमा प्रस्तुत गरिने गीतले 'समृद्ध नेपाल, सुखी नेपाली'को सन्देश दिनुपर्ने बताउनुभएको छ।

पोखरा महानगरपालिका-१७ द्वारा शनिबार आयोजित वडास्तरीय तीज गीत प्रतियोगिताको शनिबार यहाँ उद्घाटन गर्दै उहाँले तीज गीतमार्फत मौलिक परम्परा र संस्कारको रक्षा गर्नुमा जोड



दिनुभयो। "विगतमा महिलाहरूले गीतका माध्यमबाट आफ्ना पीडा र वेदनालाई प्रस्तुत गर्ने एउटा माध्यम बनेको थियो", उहाँले भन्नुभयो, "अबका दिनमा तीज गीतमार्फत मुलुकका विद्यमान विकृति र विसङ्गतिको अन्त्य गर्दै उत्पादन र रोजगारसँग जोडिन प्रेरित गर्नुपर्दछ।"

मुलुकको परीक्षा प्रणालीमा सुधार गरेर शिक्षालाई उद्योग स्थापना गर्दै रोजगारीको सिर्जना नगरेसम्म युवालाई स्वदेशमा रोक्न नसकिने बताउँदै मन्त्री भट्टराईले त्यसका लागि तीनै तहका सरकार र स्थानीय उद्योगी व्यवसायी जिम्मेवार भएर लाग्नुपर्ने बताउनुभयो। कृषि र पर्यटन विषयमा रचना गरिएका गीत प्रस्तुत गरिने प्रतियोगितामा २५ टोलीको सहभागिता रहेको वडाअध्यक्ष राधिका शाही योगीले जानकारी दिनुभयो।

# निजी क्षेत्रको पीरमर्कालाई सम्बोधन गर्न प्रदेश सरकार तयार : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले निजी क्षेत्रको पीरमर्कालाई सम्बोधन गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् । पृथ्वी होटल व्यवसायी समितिले शनिबार आयोजना गरेको वार्षिक साधारण सभामा बोल्दै उनले यस्तो बताएका हुन् ।

" म आफु पनि व्यवसायिक क्षेत्रबाट राजनीतिमा आएको हुँ । व्यवसायीका पीरमर्का सँग जानकार छु । नीजि क्षेत्रले भोग्नुपरेका पीडाको विषयमा अवगत छु । व्यवसायी मैत्री कानून निर्माणमा प्रदेश सरकार लागिरहेको छ ।", उनले भने । नीजि क्षेत्रसँगै सरकार हातेमालो गरेर अगाडि बढ्न प्रतिबद्ध रहेको उनले उल्लेख गरे । "उद्योग व्यवसाय सरकारले संचालन गर्ने होइन । यसमा नीजि क्षेत्रकै लगानी हुनुपर्छ । व्यवसायीहरुलाई अनुकुल वातावरण बनाउने काम सरकारको हो । जसमा हामी सचेत छौं ।", उनले भने । मन्त्री थापाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर र्राष्ट्रिय उडान भर्न प्रदेश सरकारले ताकेता गरिरहेको र छलफलका कार्यक्रम समेत अगाडि बढेको जानकारी गराए । पोखरेली सबैको साझा प्रयासबाट अन्तर्राष्ट्रिय विमानस्थल भित्रेसँगै अब उडान समेत सबैको साझा प्रयासबाट नै हुने भनाई उनको छ । भारतीय पर्यटक र चिनिया पर्यटकलाई आर्कषित गर्दै उनीहरुबाट लाभ लिन सक्ने खालको पूर्वाधार निर्माणमा सरकार लागिरहेको उनले बताए । पोखरा बसपार्क निर्माणमा केही समस्या देखिएता पनि त्यसको समाधान गर्ने बाटोमा तीनै तहको सरकार अग्रसर रहेको उनको भनाई छ । पोखरामा बन्ने कोसेली घर अन्तर्राष्ट्रिय स्वरुपको बन्नुपर्ने र प्रदेश भित्र उत्पादन हुने वस्तुको बजारीकरणमा र प्रदर्शनमा समेत ख्याल गर्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । होटल व्यवसाय महासंघ गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखालले पैसा लगानी गरेर मात्र व्यवसाय प्रवर्द्धन नहुने सरकारले नै चासो दिनुपर्ने उल्लेख गरेका छन् । साना तथा मझौला होटल व्यवसायीको हितबमोजिम प्रदेश सरकारले नीति निर्माणमा ध्यान दिनुपर्ने भनाई उनको छ ।




वडा प्रहरी कार्यालय बैदामका प्रमुख सन्तोष निरौलाले प्रहरी व्यवसायीसँग मिलेर नै काम गर्न इच्छुक रहेको उल्लेख गरे । उनले व्यवसायीले पनि प्रहरीलाई सहयोग पुग्ने हेतुले काम गर्नुपर्ने आवश्यकतालाई औंल्याएका छन् । पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष अमृत घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष ओमराज बास्तोला र पोखरा उद्योग बाणिज्य संघका पूर्व उपाध्यक्ष एवम् अध्यक्ष पदका प्रत्यासी अर्जुन पोखरेलले बोलेका थिए ।

# बिरामी बोकेको एम्बुलेन्समा आगालागी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ भदौं

वालिङबाट बिरामी लिएर पोखरा जादै गरेको एम्बुलेन्समा शुक्रवार राती आगालागी भएको छ ।

सिद्धार्थ राजमार्गको वालिङ–पुतलीबजार सडकखण्ड अन्तर्गत पुतलीबजार- ११ करेनडाँडामा बिरामी बोकेको एम्बुलेन्समा आगलागी भएको हो । गह्रौ प्राथामिक स्वास्थ्य केन्द्रको ग १ झ २७८ नम्बरको एम्बुलेन्समा अचानक तार सर्ट भएर आगो लोगेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए । बिरामी लिएर हिँडेको एम्बुलेन्स रातको १० बजे अचानक आगलागी भएको थियो । एम्बुलेन्समा अचानक गाडीको तार सर्ट भई आगलागी भएको जानकारी पाएपछि प्रहरी टोली सहित पुतलीबजार



नगरपालिकाको दमकल घटनास्थलमा पुगेको थियो । दमकल सहितको प्रहरी टोलीले आगो नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक रानाले बताए । आगलागीबाट एम्बुलेन्स पूर्ण क्षति भएको छ । मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ । घट्नाको बिषयमा थप अनुसन्धान भइरहेको जनाएको छ ।

सडकको खाल्डाखुल्डी कै कारण एम्बुलेन्सको तार सर्ट भएर आगो लागेको चालकले बताएका छन् । एम्बुलेन्स ९ बर्ष अगाडी गह्रौ प्राथामिक स्वास्थ्य केन्द्रले खरिद गरेर संचालन गर्दै आएको थियो । आगालागीबाट क्षती भएको एम्बुलेन्स राजमार्गमै रहेको छ । एम्बुलेन्स सडकबाट उठाउन प्रहरीले अनुमति दिएपनि बिमा कम्पनीका इन्जिनियर आइतबार मात्रै आउने भएकाले एकदिन एम्बुलेन्स सडकमै रहने गह्रौ प्राथामिक स्वास्थ्यका सूचना अधिकारी उदयबहादुर पौड्यालले बताए । आगालागीबाट एम्बुलेन्समा रहेका सबै सामाग्री नष्ट भएको उनले बताए ।

# दोश्रो ईन्टर स्कुल ब्याण्ड कम्पिटिसनको उपाधि गुरुकुल विद्या सदनलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

पोखरामा भएको दोश्रो ईन्टर स्कुल ब्याण्ड कम्पिटिसनको उपाधि गुरुकुल विद्या सदनले जितेको छ ।

पोखरा सांगीतिक कलाकार संघको आयोजना तथा पोखरा महानगरपालिका र गण्डकी प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा 'शिक्षासँगै संगीत' भन्ने मूल नाराका साथ शनिबार भएको फाइनल प्रतिष्पर्धामा ९ स्कुल ब्याण्डलाई पछि पार्दै गुरुकुलले उपाधि जितेको हो । उपाधि बिजेता गुरुकुलले नगद १ लाखसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ ।

शनिबार पोखरा सभागृहको भरिभराउ दर्शकबीच भएको निक्कै प्रतिष्पर्धात्मक फाइनल प्रतिष्पर्धामा ग्लोबल कलेजियट माविले द्वितीय स्थान प्राप्त गर्‍यो भने फिस्टेल एकेडेमीले तृतीय स्थान प्राप्त गरेको छ । द्वितीय स्थान प्राप्त गरेको ग्लोबल कलेजियटले नगद ५० हजार र तृतीय हुने फिस्टेल एकेडेमीले नगद २५ हजारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्‍यो । प्रतियागिताको



बेष्ट भोकलमा कालिका माविका अमोन गुरुङ, बेष्ट बास गिटारिष्टमा लाभिन्स रेसिडेन्सियल स्कुलका सुशान्त केसी, बेष्ट लिड गिटारिष्टमा प्रतिभा माविका सायूस बज्राचार्य उत्कृष्ट घोषित भए । त्यस्तै, बेष्ट ड्रमरमा प्रगति बोर्डिङ स्कुल, बेष्ट लिरिक्समा लाभिन्स रेसिडेन्सियल स्कुल र बेष्ट म्यूजिक कम्पोजरमा कालिका मावि उत्कृष्ट भए । प्रतियोगितामा पब्लिक च्वाईसतर्फ गण्डकी बोर्डिङ स्कुल र जुरी च्वाईसमा मदरल्याण्ड मावि (बी) घोषित भए । विधागत रुपमा उत्कृष्ट भएकाहरुलाई नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगिताको फाइनल राउण्डमा सगरमाथा मावि, प्रतिभा मावि, गुरुकुल विद्या सदन, ग्लोवल कलेजियट मावि, कुमुदिनी होम्स मावि, गण्डकी आवासीय बोर्डिङ स्कुल, मदरल्याण्ड बोर्डिङ स्कुल (बी), फिस्टेल एकेडेमी, कालिका मावि र लाभिन्स रेसिडेन्सियल स्कुलले प्रतिष्पर्धा गरेका थिए । फाइनल राउण्डमा शनिबार प्रतिष्पर्धी स्कुल ब्याण्डहरुले २/२ वटा गीत प्रस्तुत गरेका थिए । जसमा एउटा आफ्नो मौलिक र अर्को गण्डकी प्रदेशका सर्जकको गीत प्रस्तुत गरेको संघका अध्यक्ष हर्कराज गुरुङ (भाई) गुरुङले जानकारी दिए । प्रतियोगितामा कुल १९ स्कुल ब्याण्ड छनौट भएर प्रतिष्पर्धा गरेका थिए । बिजेताहरुलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, पोखरा(१५ का वडाध्यक्ष तोरणबहादुर बानिया, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, संघका अध्यक्ष हर्कराज गुरुङ (भाई) लगायतले पुरस्कार वितरण गरेका थिए । समापन कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्रतियोगिताले पोखराको कला र संगीतको विकासमा सघाउ पुग्ने विश्वास व्यक्त गरे । उनले गीत संगीतलाईपनि पेशा बनाउन सकिने स्थिति रहेको बताउँदै भने,' गीत, संगीतमापनि भविष्य छ । यसलाईपनि पेशा बनाएर सजिलै जिविकोपार्जन गर्न सकिन्छ । तर त्यसका लागि तपाईंमा कला र रुची हुनुपर्‍यो ।'

संघले ग्रास रुटबाटै कला र संगीतका प्रतिभा खोज्ने र उनीहरुको प्रतिभा निखार्ने उद्देश्यले प्रतियोगिता आयोजना हो । प्रतियोगिताले पोखराको सांगीतिक माहोल तताउँदै ब्याण्डहरुलाई पुनःजागृत गराउने संघको भनाई छ । यसले विद्यार्थीमा लुकेर रहेको प्रतिभा उजागर गर्न सघाउ पुग्नेपनि आफूहरुको विश्वास रहेको संघका अध्यक्ष गुरुङले बताए । संघका सचिव भाष्करध्वज श्रेष्ठले ९० को दशकमा पोखरा ब्याण्डहरुको राजधानी भनेर चिनिएको भन्दै सो पुरानो विरासत फर्काउन प्रतियोगिता कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे । यसले संगीत सिर्जनामा लाग्न प्रेरणा र दवाब पुग्ने उनको धारणा छ ।

# अरण्यज्योतिको वक्तृत्वकला प्रतियोगितामा बालविद्याकी कृति प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

'निरन्तर शिक्षाको लागि पुस्तकालय' भन्ने सत्रौं पुस्तकलाय दिवसको नारालाई आत्मसात् गर्दै पोखरा महानगरपालिका वडा नं.१३ कुँडहर स्थित अरण्यज्योति पुस्तकालयले सदा झै यस वर्ष पनि शनिवार बक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

माद्यमिक तहमा (कक्षा९-१० सम्म)स्तरीय 'डिजिटलसाक्षरतामा ई- लाइब्रेरीको भूमिका' शिर्षकमा नेपाली बक्तृत्वकला आयोजना गरिएको हो । प्रतियोगितामा बाललविद्याकी छात्रा कृति बञ्जारा प्रथम, बालकल्याणकी छात्रा कृष्मा पौडेल द्वितीय, बेसलाइनकी छात्रा सौरभी राजभाट तृतीय र इडेन्स एकेडेमी र चिल्ड्रेन एकेडेमीका छात्र क्रमशः सञ्जिव कटुवाल र स्पन्दन घिमिरे सान्त्वना स्थान प्राप्त गर्न सफल



भएका छन् ।

कार्यक्रमको प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं.१३ की वडा सदस्य सूचित तामाङले ब्यानरमा हस्ताक्षर गरी कार्यक्रमको उद्घाटन गर्नुभयो । पठन संस्कृतिको विकास गर्न र व्यवहारिक ज्ञान प्राप्तिका लागि पुस्तकालय र ई लाइब्रेरी दुवैको महत्व रहेको सूचित तामाङले बताउनु भयो । ज्ञान जीवनमा सवैभन्दा महत्वपुर्ण भएकाले पुस्तक पढ्ने वानी बसाल्न वडा सदस्य तामाङले अनुरोध गर्नुभयो । पुस्तकालयका उपाध्यक्ष गमबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्कृत विश्वविद्यालयका सह- प्राध्यापक अम्बिका प्रसाद भट्टराई लगायत वोलेकोकार्यक्रममापुस्तकालयका सहसचिव धर्मराज पौडेलले स्वागत र सचिव कशिन भण्डारीले संचालन गर्नुभएको थियो ।

कार्यक्रममा प्रथम पुरस्कारको सौजन्य समाजसेवी भरतराज सिग्देल गर्नुभएको थियो ।

# डिजेल पेट्रोलको मूल्य घट्यो

**रासस**
काठमाडौं, १५ भदौं

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ ।

निगम सञ्चालक समितिको बैठकले आइतबार बिहानदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर रु दुई, डिजेल तथा मट्टितेलमा प्रतिलिटर रु एक घटाएको हो ।


आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिटर रु पाँच र अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनमा प्रतिकिलोलिटर अमेरिकी डलर ३७ ले घटाइएको निगमले जनाएको छ ।

निगमले पेट्रोल पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा प्रतिलिटर क्रमशः रु एक सय ६०.५०, एक सय ६२ र एक सय ६३ तथा डिजेल र मट्टितेल प्रतिलिटर क्रमशः रु एक सय ५१.५०, एक सय ५३ र एक सय ५४ तोकेको छ ।

# भौतिकमन्त्री ...

बजार र डुम्रे बजारका केही भामा घरटहरा हटाउन ढिलाइले कालोपत्र काम अगाडि बढ्न सकेको छैन । पाण्डेका अनुसार पूर्वी खण्डअन्तर्गत १४ वटा साना पुल निर्माण सकिएका छन् । त्यस्तै दुई ठूला पुल र एक सय तीन कल्भर्ट निर्माणको काम सकिएको पाण्डेले जानकारी दिनुभयो । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्म २० किलोमिटर दुई लेन सडक कालोपत्र सकिएको छ । मुग्लिन पोखरा सडक योजना (पश्चिम खण्ड)का इन्जिनियर नारायण पौडेलका अनुसार ११ पल निर्माण गर्ने लक्ष्य रहेकामा पाँच वटा पुल सम्पन्न भएका छन् । निर्माण गर्नुपर्ने १३ वटा पुलमध्ये आठ पुलको सुपर स्ट्रक्चरको निर्माण सम्पन्न भइसकेको पौडेलले जानकारी दिनुभयो । विगत केही समय पश्चिम खण्डमा न्यून प्रगति भएको अवस्थामा अहिले कामको गति केही बढेको छ । आर्थिक वर्ष २०८०/८१ मा योजना कार्यालयको पहलमा सरोकारवाला निकायहरुको साथ र सहयोगले सडक स्तरोन्नतिमा भौतिक प्रगति नौ प्रतिशतबाट २८ प्रतिशत पुगेको पौडेलको भनाइ छ ।

पश्चिम खण्डको म्याद विसं २०८१ भदौ १२ गतेसम्म छ । पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# ३० वर्षे सेवा अवधि अन्तरिम आदेश खारेज

नेपाल प्रहरीमा ३० वर्षे सेवाहदसम्बन्धी प्रावधान कार्यान्वयन नगर्न भएको अन्तरिम आदेश सर्वोच्च अदालतले एक सातापछि नै खारेज गरेको छ। ६ भदौमा भएको अन्तरिम आदेश शुक्रबार सर्वोच्चको संयुक्त इजलासले खारेज गरेको छ। यससँगै सयभन्दा धेरै प्रहरी अधिकृतले एकैपटक अवकाश पाउने भएका छन् । गत ६ भदौमा सर्वोच्चका न्यायाधीश हरिकुमार फुयाँलको इजलासले नेपाल प्रहरीमा सेवाहदका आधारमा अवकाश नदिन अन्तरिम आदेश दिएको थियो । सर्वोच्च अदालतले १० वर्षअघि ३० वर्षे हटाउन र ऐन बनाउन आदेश दिएको थियो । त्यही आधारमा दिएको अन्तरिम आदेश एक हप्तापछि हटेको छ ।

२१ जना प्रहरी अधिकारीले दायर गरेको रिटका आधारमा यस्तो आदेश भएको थियो । आदेश कार्यान्वयन गर्दा प्रहरी संगठनमा समस्या हुने भन्दै सरकारले त्यसविरुद्ध बुधबार पुनरावलोकन निवेदन दर्ता गरेको थियो । सोही निवेदनउपर न्यायाधीशद्वय विनोद शर्मा र सारंगा सुवेदीको इजलासले पुरानो अन्तरिम आदेश खारेज गरिदिएको हो । प्रहरीका वकिलले केही प्रश्न उठाएर इजलास बहिष्कार गरेका थिए ।विपक्षी प्रहरीका वकिलको कुरा नसुनी इजलास अघि बढेकाले सरकारले भनेभैंं आदेश हुने अनुमान गरेका थिए । संयुक्त इजलासको लिखित आदेश भने आएको छैन ।

नेपाल प्रहरीमा ०५१ मा भर्ना भएका १०५ ब्याचका अधिकारी सेवाहदको प्रावधान अन्यायपूर्ण भएको भन्दै अदालत पुगेका थिए। सो ब्याचका धेरैजसो अधिकृत हाल ५०-५१ वर्ष उमेरका छन्। आफूहरूलाई कम उमेरमै अवकाश दिन लागिएको भन्दै २१ जनाले रिट दायर गरेका थिए। एक साताअघि उनीहरूकै पक्षमा अन्तरिम आदेश भएकोमा शुक्रबार त्यो आदेश खारेज भएसँगै उनीहरू अवकाशमा जान लागेका हुन्। कम उमेरमै अनुभवी प्रहरी अवकाशमा जानू उचित होइन। सधैं तदर्थ रुपमा चल्नु प्रहरी संगठनलाई कमजोर बनाउनु हो ।

गृह मन्त्रालयले पनि प्रहरीमा ३० वर्षे सेवाहद हटाउने तयारी गरिरहेको छ। प्रहरीमा लामो समयदेखि सेवाहदको विवाद चल्दै आएको थियो। यसअघि पनि विभिन्न अध्ययन कार्यदलले सेवाहदबाट अवकाश दिने प्रणालीले संगठनलाई हानि पुर्‍याएको भन्दै हटाउन सुझाव दिँदै आएको छ। सरकारले कर्मचारी र प्रहरीका बारेमा गम्भीरतापूर्वक नलिएको तर, अवकाशमा जाने प्रहरी अधिकारी र नेतृत्वको रोलक्रममा हुने ब्याचबिचको टक्करका कारण यो विषयमा सरकारले निर्णय गर्न सकेको छैन। अहिले पनि भावी नेतृत्वको रोलक्रममा रहेका प्रहरी अधिकारीले सेवाहद हटाउन नहुने पक्षमा लबिङ गर्दै आएका थिए। हालै गृह मन्त्रालयले बनाएको एक कार्यदलले सुरुको वर्ष ६, दोस्रो वर्ष एक वर्ष, तेस्रो वर्ष डेढ वर्ष र चौथो वर्ष दुई वर्ष गरी सेवाहद थपेर यसलाई क्रमशःकार्यान्वयन गर्ने भनी देखाइ दिन्छु भन्ने गलत सोचाइ हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हेमजा भु.पु सैनिकको नवौं साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं

हेमजा भु. पु सैनिक बचत तथा ऋण सहकारी संस्था पोखरा २५ हेमजाको नवौं वार्षिक साधारण सभा शनिबार हेमजामा सम्पन्न भएको छ।

पोखरा महानगरपालिका वडा न. २५ का कार्यवाहक अध्यक्ष धन कुमारी पोखरेल तिमिल्सिनाले संस्था बचाउन सेयर सदस्यको साथ हुन आवश्यक हुने बताउदै सहभागीता कम भएको उल्लेख गर्नुभयो । नियमित बचतले सहकारी फस्टाउने बताउदै लेखा समितिलाई नियमित निगरानी गर्न आग्रह गर्नुभयो । कार्यक्रममा पुर्व वडा सदस्य जितबहादुर कार्की, बिरेन्द्र मा.बि भक्तपुरका पुर्व प्रसासकीय अधिकृत हरिप्रसाद पौडेल, भु.पु सैनिक संघ कास्कीका अध्यक्ष बलराम पौडेल, किसान बहुउद्देश्यीय सहकारीका व्यवस्थापक हरिप्रसाद त्रिपाठी र सेयर सदस्य झकंनाथ तिमिल्सिना लगाएतले शुभकामना दिनु भएको थियो । उत्कृष्ट बचत गरेकोमा सुरेश बहादुर सापकोटा , निरन्तर बचतकर्ता सोभा सुनार र उत्कृष्ट कारोबारमा लछ्ुाण सुनारलाई सम्मान गरियो ।

उपाध्यक्ष कृष्णबहादुर सापकोटाले स्वागत गरि सुरु भएको कार्यक्रममा सहायक व्यवस्थापक ले सहकारीको सात सिद्धान्त वाचन गर्नुभयो । सचिब सेर बहादुर कार्कीले सचिबको प्रतिबेदन र कोषाध्यक्ष श्यामबहादुर कुवँरले आर्थिक प्रतिबेदन प्रस्तुत गरि सभाले पारित गरेको थियो । संस्थाको सेयर पुजी ३ करोड ४९ लाख ६ हजार ५०० रहेकोमा ८ करोड ३६ हजार २९२ निक्षेप संकलन तथा ९ करोड ६ लाख १३ हजार ४२ ऋण लगानी रहेको छ।

संस्थाका अध्यक्ष सुरेश बहादुर सापकोटाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव शेर बहादुर कार्कीले गर्नु भएको थियो ।

# मुस्ताङको कोवाङमा खेलमैदान निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १५ भदौं

मुस्ताङको थासाङ गाउँपालिका-२ कोवाङमा खेलमैदान निर्माण भएको छ।

गण्डकी प्रदेश सरकारको सहयोगमा कोवाङको धवलागिरि युवा क्लबले खेलमैदान निर्माण गरेको हो । प्रदेश सरकारको रु १७ लाख ५० हजार बजेटमा भलिबल खेलमैदान र प्यारापिट निर्माण गर्नुका साथै फराकिलो बनाएको उपभोक्ता समितिका अध्यक्ष कृष्णकुमार शेरचनले बताउनुभयो । “आरसिसी ढलान गरेर भलिबलको कोर्ट र एक सय मिटर लामो प्यारापिट बनाएका छौं”, उहाँले भन्नुभयो, “यसअघि ५० मिटर लम्बाइ भएको खेलमैदानलाई विस्तार गरेर एक सय मिटर लामो बनाइएको छ।”

खेलमैदान निर्माणपछि धुलो र हिलोमा खेलअभ्यास तथा प्रतियोगिता सञ्चालन गर्नुपर्ने अवस्था हटेको धवलागिरि युवा क्लबका अध्यक्ष मनप्रसाद गौचनले बताउनुभयो । फुर्सदको समयमा युवायुवतीलाई खेल अभ्यास गर्न सजिलो भएको छ। प्रतियोगिता आयोजना गर्न पनि सहज हुने गौचनले बताउनुभयो।

गण्डकी प्रदेशसभा सदस्य बिकल शेरचनले व्यवस्थित खेलमैदान अभावमा खेल प्रतिभाले अभ्यास र प्रतिभा प्रस्फुटन गर्न नपाएकाले प्रदेश सरकारमा पहल गरेर गत आर्थिक वर्ष २०८०/८१ मा बजेट व्यवस्थापन गरी कोवाङमा खेलमैदान निर्माण गरेको बताउनुभयो । गण्डकी प्रदेश सरकारको एक निर्वाचन क्षेत्र एक खेलमैदान कार्यक्रममार्फत गत वर्ष जोमसोमको खेलमैदानको २५ वर्षपछि स्तरोन्नति गरिएको पनि सांसद गौचनले बताउनुभयो।


# पेन्सन पट्टा हरायो

**यहि मिति २०८१ साउन २० गते पृथ्वीचोक बास्तोला कम्प्लेक्सको डहरे देउराली मःमः हाउसको कुर्चिबाट मेरो नामको पेन्सन पट्टा, नागरिकता, हस्पिटलको कागजात तथा अन्य महत्वपूर्ण डकुमेण्टहरु भएको झोला हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु ।**

**नामः नारायण प्रसाद भुषाल**

**ठेगानाः फलेवास–१, पर्वत**

**पेन्सन पट्टा नं.: २०४३०१८**

**नागरिकता नं.: ५६६९**

**सम्पर्क नं.: ९८४७६७३१११, ९८५६०३०२३७**

# कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**साविक कम्पनी ग्रुप अफ कम्पनिज् प्रा.लि को मिति २०८१/०३/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय वमोजिम उक्त कम्पनी (ग्रुप अफ कम्पनिज् प्रा.लि) को नाम परिवर्तन गरी मातृभूमि निर्माण सेवा प्रा.लि. कायम गरिएको जानकारी गराउदै उक्त कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (मातृभुमी निर्माण सेवा प्रा.लि) को कम्पनीले सकार्ने व्यहोर्ने समेत जानकारी गराइन्छ ।**

**मातृभूमि निर्माण सेवा (प्रा.लि. नं. २९२८५५)**
**काठमाण्डौं महानगरपालिका–३२, काठमाण्डौं, बागमती**


# कृषि तीज गीत प्रतियोगिताको उपाधि बागलुङलाई

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं



गण्डकी प्रदेश स्तरीय कृषि तीज गीत प्रतियोगिताको उपाधि बागलुङले जितेको छ।

पोखरा टेलिभिजन र कृषि विकास निर्देशनालय गण्डकी प्रदेशको संयुक्त आयोजनामा शनिबार भएको सातौं गण्डकी प्रदेश स्तरीय कृषि तीज गीत प्रतियोगिताको उपाधि बागलुङको जिल्ला कृषि सहकारी संघले जित्दै नगद ३५ हजारसहित प्रमाण प्राप्त गरेको हो ।पोखरामा भएको प्रतियोगितामा म्याग्दीको प्रगति सफल कृषक समूह मालिका गाउँपालिका वडा नम्बर-६ द्वितीय, तनहुँको बेदकालिका कृषक समूह म्याग्दे गाउँपालिका वडा नम्बर-७ तृतीय भएका छन्। द्वितीय हुने म्याग्दीको प्रगति सफल कृषक समूहले २० हजार र तृतीय हुने तनहुँको बेदकालिका कृषक समूहले १० हजारसहित प्रमाण प्राप्त गरे ।प्रतियोगितामा लमजुङको मेन्दो कृषक समूह राईनास नगरपालिका वडा नम्बर-३ र पर्वतको विहादी आईपिएम कृषक समूह विहादी गाउँपालिकाले सान्त्वना स्थान प्राप्त गरे । सान्त्वना स्थान प्राप्त गर्ने दुबै समूहले ५/५ हजारसहित प्रमाणपत्र प्राप्त गरे ।बिजेताहरुलाई नीति तथा योजना आयोग गण्डकी प्रदेशका सदस्य माया तिम्सिना, कृषि विकास निर्देशनालयका निर्देशक बासुदेव रेग्मी, पोखरा टेलिभिजनका प्रबन्ध निर्देशक माधव पनेरु, समाचार प्रमुख तथा कार्यक्रम संयोजक घनश्याम पाण्डेलगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।जिल्ला जिल्लाबाट छनौट गरेर ग्राण्ड फिनालेका लागि कृषक समूहहरुलाई जिल्लास्थित कृषि ज्ञान केन्द्रको समन्वयमा पोखरा बोलाइएको थियो । प्रतियोगिताको ग्राण्ड फिनालेको शनिबार गण्डकी प्रदेको सामाजिक तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले उद्घाटन गर्नुभएको थियो ।

प्रतियोगिताको प्रवर्द्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश रहेका थिए भने सहकार्यमा प्रधानमन्त्री कृषि अनुनिकिकरण परियोजना खुमलटार, मुक्तिनाथ कृषि कम्पनी, राष्ट्रिय बाणिज्य वैक, कृषि विकास वैक, मुक्तिनाथ विकास वैक, आर्थिक विकास महाशाखा, लीवर्ड पोखरा, कृषि गरिमा एग्रो प्रालि, कारितास नेपाल र गण्डकी प्रदेशका विभिन्न नगर तथा गाउँपालिकाको सहयोग रहेको थियो ।

कृषि विकास निर्देशनालयका निर्देशक बासुदेव रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तब्य पोखरा टेलिभिजनका माधव पनेरुले राख्नु भएको थियो भने स्वागत गीत कृषि विकास निर्देशनालय र कृषि तथा भुमिब्यवस्था मन्त्रालयका महिला कर्मचारीहरुले तीजको गीत मार्फत राख्नु भएको थियो प्रतियोगिताको सञ्चालन कार्यक्रम संयोजक घनश्याम पाण्डेले गर्नुभएको थियो भने प्रतियोगितामा निर्णयकमा संगितकार नवराज बराल,शान्ति डोटेल, कृष्ण अकेली र विनोद शर्मा रहनु भएको थियो ।

# दीपशिखा सामुदायिक पुस्तकालयमा वक्तृत्वकला

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं



पोखरा महानगरपालिका वडा नं २९ मा रहेको दीपशिखा सामुदायिक पुस्तकालयले ‘निरन्तर शिक्षाका लागि पुस्तकालय’ भन्ने आदर्श वाक्यका साथ १७ औं पुस्तकालय दिवस २०८१ को अवसरमा “पठन संस्कृतिको विकासमा पुस्तकालयको भूमिका ” विषयमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ।

लेखनाथ क्षेत्रका १९ संस्थागत तथा सामुदायिक विद्यालयहरुका कक्षा ८,९र १० का २९ विद्यार्थीहरु सहभागी रहेको वक्तृत्वकला प्रतियोगितामा डायमण्ड माविकी अंकिता आचार्यले प्रथम स्थान हाँसिल गरिन्। प्रतियोगितामा जनप्रकाश मा विकी अनुसा काफ्ले दास्रो डायमण्ड कै स्वस्तिका देवकोटाले तेस्रो स्थान हाँसिल गरिन् । चतुर्थ र पाचौं स्थानमा क्रमश गोगन माविकी सुजाता पौडेल र रिलायन्स पब्लिककी दीपशिका क्षेत्री विजयी बने।

कायर्क्रममा पोखरा महानगरपालिका शिक्षा महाशाखाका बरिष्ठ शिक्षा अधिकृत बद्रिनाथ सुवेदीले पठन संस्कृतिको विकास गर्नको लागि पुस्तकालय दिवसले प्रोत्साहित गरिरहेको वताए । दीपशिखा सामुदायिक पुस्तकालयले कार्यक्रम सम्पन्न भएको छ । दीपशिखा सामुदायिक पुस्तकालयका कोषाध्यक्ष माधव भण्डारी,र त्रिवेणी इन्टरनेशनल कलेजका सहायक क्याम्पस प्रमुख डिल्लीराम पौडेल निर्णायक रहेको कार्यक्रममा वक्ताहरुले पठन संस्कृति जगाइ राख्नुपर्नेमा जोड दिएका थिए । पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीको अध्यक्षतामा भएको कार्यक्रम सञ्चालन दीपशिखा सामुदायिक पुस्तकालयका कार्यसमिति सदस्य एवम् कार्यक्रम संयोजक विष्णुहरि पौडेलले गरेका थिए।

विजयी विद्यार्थीहरुलाई पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवम् वडा नं २९ की वडासदस्य निर्मला पौडेल, पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारी र पोखरा महानगरपालिका शिक्षा महाशाखाका बरिष्ठ शिक्षा अधिकृत बद्रिनाथ सुवेदीले पुरस्कार वितरण गरेका थिए।

# तनहुँसुरमा प्याराग्लाइडिङ सञ्चालनको तयारी

पोखरापत्र संवाददाता
दमौली, १५ भदौं

तनहुँको व्यास नगरपालिका-११ तनहुँसुरस्थित अर्चलेडाँडाबाट परीक्षणको छ वर्षपछि व्यावसायिक प्याराग्लाइडिङ सञ्चालनको तयारी गरिएको छ । विसं २०७५ चैतमा यहाँ प्याराग्लाइडिङ परीक्षण गरिएको थियो।

तनहुँसुरबाट टेकअफगरी सोही वडाको बेलटारीमा अवतरण गर्ने गरी प्याराग्लाइडिङ सञ्चालनका लागि सिफारिस माग गरेको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो। व्यास नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि वडा कार्यालयबाट सिफारिस भई विज्ञहरुबाट अनुसन्धान भएको ठाउँमा प्याराग्लाइडिङ गर्न उपयुक्त हुने भनी प्रतिवेदन आएकाले उक्त स्थानमा प्याराग्लाइडिङ सञ्चालनका लागि स्थानीयसहितको बैठकले निर्णय गर्न भनिएको गैरेले बताउनुभयो।

व्यास नगरपालिका-११ का पूर्ववडाध्यक्ष निरबहादुर खड्काले लामो समयको प्रयासपछि अब यस ठाउँबाट व्यावसायिक रुपमा प्याराग्लाइडिङ सञ्चालन हुन लागेको बताउनुभयो। उहाँले भन्नुभयो, “मेरै कार्यकालमा यहाँ परीक्षणका रुपमा प्याराग्लाइडिङ गरिएको थियो । अब दर्तागरी सञ्चालनको तयारीमा पुगेका छौं ।” उहाँले स्थानीयवासीको भेलागरी प्याराग्लाइडिङ सञ्चालन गर्ने निर्णय गरिएको जानकारी दिनुभयो। वडाध्यक्ष दलबहादुर दुराले यस ठाउँमा प्याराग्लाइडिङ सञ्चालनले समग्र व्यास नगरपालिकाकै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो । छ वर्ष अगाडि पोखरास्थित ‘टिम फाइभ’ प्याराग्लाइडिङ कम्पनीका राजु आचार्य, शङ्कर पराजुली र नारायण पराजुलीले उक्त ठाउँबाट प्याराग्लाइडिङ परीक्षण गर्नुभएको थियो । तनहुँ सदरमुकाम दमौलीबाट पृथ्वीराजमार्गको घाँसीकुवाबाट पाँच किलोमिटर र त्यहाँबाट तीन/चार किमिको दूरीमा यस ठाउँ पर्छ। यस ठाउँमा केही घरमा घरबास सञ्चालन भइरहेको छ। घरबाससँग जोडेर प्याराग्लाइडिङलाई सञ्चालन गर्न सकिए यस ठाउँको विकासमा टेवा पुग्ने स्थानीयवासी सञ्जय श्रेष्ठको भनाइ छ।

# पोखरा-४ ले आयोजना गरेको तीज गीत प्रतियोगितामा आदर्श महिला समूह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं



पोखरा महानगरपालिका वडा नम्बर ४ को आयोजनामा वडा स्तरीय तीज गीत प्रतियोगिता सम्पनन भएको छ।

शनिबार सम्पनन प्रतियगितामा नेपाल आदर्श महिला समूह प्रथम भएको छ । उक्त समूहले प्रथम हुँदै २० हजार रुपैयाँ सहित प्रमाण पत्र प्राप्त गरेको छ । प्रतियगितामा महिला समाजसेवा समिति दोस्रो र शुभकामना महिला विकास केन्द्र तेस्रो भए । परोपकार सर्वेश्वर नारी समूह सान्त्वना भएको छ । दोस्रो, तेस्रो र सान्त्वना हुन सफल समूहले क्रमस १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र पाँच हजार रुपैयाँसहित प्रमाण पत्र प्राप्त गरेका छन् । त्यसैगरी गणेश योग केन्द्रले उत्कृष्ठ नृत्य, सिर्जनशिल महिला समूहले समय व्यवस्थापन र रामकृष्ण टोल मिसा पुचले उत्कृष्ठ भेषभूषामा पुरस्कार प्राप्त गरे । उत्कृष्ठ नृत्य प्रस्तुत गर्ने, समय व्यवस्थापन गर्ने र उत्कृष्ठ भेषभूषा पुरस्कार प्रापत गर्ने समूहले उनीहरुले ३/३ हजार रुपैयाँसहित प्रमाण पत्र प्राप्त गरेका हुन् ।प्रतियोगितामा विभिन्न १३ समूहले प्रतिस्पर्धा गरेका थिए भने, सहभागी समूहलाई २/२ हजार रुपैयाँ र प्रमाणपत्र दिइएको थियो । उनीहरु सबैलाई वडाध्यक्ष देवकृष्ण पराजुलीसहित वडाका जनप्रतिनिधिले नगदसहित प्रमाण पत्र प्रदान गरेका हुन् । यस अगाडि प्रतियोगिताको पोखरा महानगरका प्रमुख धनराज आचार्यले उद्घाटन गरेका थिए । उद्घाटन गर्दै उनले वडा नम्बर ४ ले सबै जातजातिको संस्कृति संरक्षणमा महत्वपूर्ण योगदान दिएको भन्दै प्रसंशा गरे । प्रतियोगिताको उद्घाटन सत्रमा वडामा उत्कृष्ठ काम गर्ने कर्मचारीहरु सहायक चौथो मेनुका पौडेल र सहायक पाँचौं मनमायाँ रानालाई सम्मान गरिएको थियो । त्यसैगरी लाखे नाँच प्रतियोगितामा दोस्रो र सान्त्वना हुन सफल समूहलाई सम्मान गरिएको थियो । उनीहरु सबैलाई महानगरका प्रमुख धनराज आचार्य, वडाध्यक्ष पराजुली र उपस्थित जनप्रतिनिधिले खादा, प्रमाण पत्र र नगदसहित सम्मान गरेका हुन् । प्रतियोगिताको आयोजक पोखरा ४ का वडाध्यक्ष पराजुलीले विकास आवशयकताको आधारमा हुने भन्दै संस्कृति संरक्षणमा वडा नम्बर ४ लागि परेको बताए । गण्डकी प्रदेशसभाकी पूर्व सांसद प्रभा कोइरालाले हेर्न र सुन्न पनि नसकिने गीतले संस्कृति संरक्षण गर्छन भन्न नसकिने बताइन् । उनले तीजको भावना र मर्म अनुरुपका गीत गाउनुपर्नेमा जोड दिइन् । उद्घाटन सत्रमा वडा नम्बर २ का वडाध्यक्ष एवं महानगरमा कांग्रेस दलका नेता दिवशमान प्रधानांग, वडा नम्बर ४ का निवर्तमान वडाध्यक्ष शंकर बास्तोला, नविन मावि व्यवस्थापन समितिका अध्यक्ष शिरोज कोइराला, वडा सदस्य पार्वती माकाजु लगायतले शुभकामना थिए । पोखरा ४ गणेश गुठी परिसरमा भएको प्रतियोगितामा राष्ट्रिय तथा स्थानीय कलाकारहरु कृष्ण सुवेदी, सुनिता नेपाली र दुर्गा कोइराला लगायतको बेजोड प्रस्तुति समेत रहेको थियो ।

# पोखरा-१ को तिज गित प्रतियोगितामा नमुना प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं




पोखरा महानगर पालिका वडा नं.१ ले हरितालिका तीज पर्वको अवसरमा अन्तर आमा समुह तीज गीत प्रतियोगिता सम्पन्न गरेको छ।

संस्कृत मा. बि.को सहकार्यमा वडा भित्रका ११ वटा समुहले सहभागिता जनाएको प्रतियोगितामा नमुना आमा समुह प्रथम भएको छ । प्रतियोगितामा अभियान महिला समूह द्वितीय, अधिकारी टोल दिदी बहिनी समुह तृतीय र रत्न आमा समुहले सान्त्वना स्थान हासिल गरेका थिए।

सिद्धार्थ आमा समुह नृत्य र महिला मैत्री आमा समुह भेषभुषा तर्फ उत्कृष्ट भएको वडाका सुचना अधिकारी श्रीराम पौडेलले जानकारी दिनुभयो। विजयी टोलीलाई गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, वडाध्यक्ष साहारा प्रधानले पुरस्कार वितरण गर्नुभयो । यसअघि कार्यक्रमको उद्धाटन गर्दै गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का 'विखर्ची'ले कला, साहित्यको संरक्षणले मात्र मानव सभ्यताको विकास हुने बताउनुभयो। वडाध्यक्ष साहारा प्रधानले तीज पर्व नेपाली महिलाको मौलिक सास्कृतिक पर्व भएकाले, यसको मौलिकतालाई सबै पक्षले संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । वडाध्यक्ष प्रधानको अध्यक्षतामा भएको कार्यक्रममा प्राध्यापक विष्णु प्रसाद अधिकारी, लागु औषध नियन्त्रण समाज सुधार आमा समुहका अध्यक्ष कल्पना बास्तोला, वडा सचिव पोष्ट नारायण ढकाल लगायतकाले तिज पर्वको मौलिकताको विषयमा चर्चा गरेका थिए। वडा सदस्य शोभा गुरुङले स्वागत गर्नु भएको कार्यक्रमको सञ्चालन वडा कार्यालयका अधिकृत एवं सुचना अधिकारी श्रीराम पौडेलले गर्नुभएको थियो । कार्यक्रममा लोकदोहोरी गायक तारापति सुवेदीले आफ्ना चर्चित तिज गित प्रस्तुत गर्नुभएको थियो ।

# पुस्तकालय दिवसमा र्‍यान्डमद्वारा पुस्तक आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं



पठन संस्कृतिको विकासमा क्रियाशील संस्था र्‍यान्डम रिडर्स सोसाइटीले पुस्तक आदानप्रदान गरेर सत्रौं पुस्तकालय दिवस शनिवार पोखरामा मनाएको छ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा युवा साहित्यकार त्रिवेणीले पुस्तकालयको महत्व र पठन संस्कृतिसम्बन्धी धारणा राखेका थिए। जुन देशमा पठन संस्कृतिको विकास भएको हुन्छ, त्यो देश वास्तविक रूपमा समृद्ध बन्ने उनको भनाइ थियो । ज्ञान निर्माणको प्रणालीमा पुस्तकालयको विशेष भूमिका रहने भन्दै उनले स्थानीय तहदेखि प्रदेश हुँदै सङ्घीय तहका सरकारले पुस्तकालय विकासमा विशेष लगानी गर्नुपर्ने विचार राखे । पुस्तकालय कुनै पनि व्यक्तिका लागि सर्वसुलभ हुनुपर्नेमा जोड दिँदै पोखराको सार्वजनिक पुस्तकालयको हालको व्यवस्थापनले पोखरामा पुस्तकालय नै नभएको भान भएको भनाइ त्रिवेणीको भनाइ थियो। गण्डकी प्रदेश सरकारका पूर्व अर्थमन्त्री किरण गुरुङले आफू आजको ठाउँसम्म आउनुको मूल कारण पुस्तक र पुस्तकालय नै भएको अनुभव सुनाए। कक्षा ५ मा पढ्दादेखि नै विद्यालयको पुस्तकालयमा भएका पुस्तकहरूको अध्ययनले राजनीतिक तथा सामाजिक चेत भरेको बताउँदै उनले पुस्तकालय र पुस्तक नै आफ्नो वास्तविक गुरु भएको बताए।

कार्यक्रममा करिब ५० जनाले आपसमा पुस्तक साटासाट गरेका थिए । हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमाथि परिचर्चा गर्दै आएको सोसाइटीले पुस्तक दिवस र पुस्तकालय दिवसमा पुस्तक आदानप्रदान कार्यक्रम गर्ने गर्छ । सोही अवसरमा सोसाइटीको नियमित कार्यक्रमअन्तर्गत १०९ औं शृङ्खलामा आगामी भदौ २९ गते शनिवार घनश्याम खड्काको गैरआख्यान कृति 'आनन्द संहिता' को दीपक पराजुलीको अवधारणापत्रसहित परिचर्चा हुने जानकारी सचिव नेपालप्रकाश अधिकारीले दिएका थिए।

# टिआरसी कानुन बनेसँगै बेपत्ताको अवस्था पत्ता लाग्ने आशमा परिवार

**पोखरापत्र संवाददाता**
कास्की, १५ भदौं

पोखरा महानगरपालिका-२४ कास्कीकोटका ७५ वर्षीय शालिग्राम पौडेल दुई दशकअघि देखि बेपत्ता आफ्नो छोराको खोजीमा हुनुहुन्छ।

तत्कालीन विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी)मा आबद्ध छोरा हरिप्रसाद पौडेललाई विसं २०५८ मङ्सिर २६ गते तत्कालीन संयुक्त सुरक्षा फौजले कास्कीको पामेबाट गिरफ्तार गरेको थियो। हरिलाई सुरक्षाकर्मीले पक्राउ गरेको जानकारी पाएदेखि नै बुबा शालिग्रामले सुरक्षा निकाय, मानवअधिकार आयोग, प्रशासनलगायत धेरै ठाउँमा छोराको जीवन रक्षाका लागि पहल गर्नुभयो तर हालसम्म पनि हरि बेपत्ताको सूचीमा हुनुहुन्छ।

छोराको अवस्था पत्ता लगाउन उहाँले कास्की र पर्वतका समेत धेरै ठाउँमा पुग्ने र खोजी गरे पनि कतैबाट समेत केही जानकारी नहुँदा परिवार लामो समय पीडामा रहेको शालिग्रामले बताउनुभयो। पछिल्लो समय सदनले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित (टिआरसी) कानुन बनाएसँगै छोराको अवस्था पत्ता लाग्नेमा पौडेल आशावादी हुनुहुन्छ। अन्तर्राष्ट्रिय बेपत्ता पार्ने कार्य विरुद्धको दिवसका सन्दर्भमा सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐनका बारेमा आज पोखरामा आयोजित कार्यक्रममा पौडेलले भन्नुभयो, "बेपत्ता हाम्रा परिवारका बारेमा अवस्था पत्ता लगाउन यति धेरै समय नलाग्नु पर्ने हो तर अहिले ढिलै भए पनि कानुन बनेको सुनेका छौँ। यसबाट शक्तिशाली आयोग बनेर छोराका बारेमा केही जानकारी पाइन्छ कि भन्ने आश बढेको छ।"

बेपत्ता व्यक्ति अब सकुशल फर्कने सम्भावना नरहे पनि कहिले र कहाँ कुन अवस्थामा थिए भन्ने जानकारी पाए पनि आफूहरुको पीडा कम हुने उहाँ बताउनहुन्छ। सहिद परिवारभन्दा पनि बेपत्ताका परिवार अझ ठूलो पीडामा पर्ने गरेको पौडेलले बताउनुभयो। उहाँले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलापका लागि गठन हुने आयोगमा पीडित परिवारलाई समेत समावेश गर्नुपर्ने र आयोगलाई राजनीतिक हस्तक्षेपविना काम गर्न दिनुपर्ने बताउनुभयो। स्याङ्जाको पुतलीबजार नगरपालिका-३ की द्वन्द्वपीडित हिरामती शाही टिआरसी विधेयक पारित भएसँगै न्याय प्राप्त हुनेमा आशावादी हुनुहुन्छ। उहाँले गम्भीर प्रकृतिको मानव अधिकार उल्लङ्घनमा संलग्नलाई दिइने भनिएको ७५ प्रतिशत माफी हुन नहुने बताउनुभयो। "लामो समय रोकिएको कानुन अहिले बनेको छ। द्वन्द्वपीडितलाई न्याय र जीवन निर्वाहको व्यवस्था राज्यले गर्नुपर्दछ," शाहीले भन्नुभयो। शाहीले तेस्रो प्रयासमा आफ्ना श्रीमान्लाई राष्ट्रिय सहिदको सूचीमा पार्न सफल भएकामा खुसी व्यक्त गर्नुभयो। पूर्वभारतीय सेनामा आबद्ध तत्कालीन राष्ट्रिय जनमोर्चाका कार्यकर्तासमेत रहनुभएका शाहीका श्रीमान्लाई विसं २०५८ पुसमा माओवादी लडाकुलाई तालिम दिने गरेको आरोपमा सेनाले पक्राउपछि मारिएको परिवारको भनाइ छ।

बेपत्ता योद्धा परिवार समाज कास्कीका अध्यक्ष अणनाथ बरालले जेजस्तो अवस्थामा रहे पनि बेपत्ता व्यक्तिका बारेमा परिवारलाई जानकारी दिनुपर्ने बताउनुभयो। बेपत्ता व्यक्तिको छानबिन तथा खोजी सम्बन्धित कानुन पारित भएर आयोग बन्ने खबरले आशावादी भए पनि आयोगले निष्पक्ष भएर काम गर्न सक्छ कि सक्दैन भन्ने आशङ्का रहेको उहाँले बताउनुभयो। "हामीलाई ढिलो नगरीकन बेपत्ता भएका परिवारका सदस्यका बारेमा जानकारी दिनुपर्दछ। आयोगले स्वायत्तढङ्गलेकामगर्नपाउनुपर्दछ," बरालले भन्नुभयो। शान्तिका लागि नागरिक समाजका अध्यक्ष वीना सिलवालले ऐनमा द्वन्द्वमा यातना पाएका व्यक्तिका बारेमा सम्बोधन हुन नसकेको बताउनुभयो। उहाँले ऐनमा अपुग कुराहरू परिमार्जन गर्दै कानुन कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। "संसद्भित्रको अहिलेको गतिविधिले बनेको कानुन कार्यान्वयनमा शङ्का छ। नीति बने पनि कार्यान्वयन कसरी जान्छ भन्ने कुरा महत्त्वपूर्ण छ," सिलवालले भन्नुभयो।

कार्यक्रममा गैरसरकारी संस्था महासङ्घ गण्डकीका कार्यवाहक अध्यक्ष पदमराज पहारी, जिल्ला बारका अध्यक्ष भगवती पहारी, द्वन्द्वपीडित अधिकार मञ्चका अध्यक्ष मीमबहादुर रिजाल, राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत मोहनराज काफ्ले, वरिष्ठ अधिवक्ता हरिप्रसाद सुवेदी, इन्सेकका सवनम शर्मा, नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति दण्डराज शर्मालगायतले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित बनेको कानुन कार्यान्वयन र आयोगको स्वायत्तताका लागि खबरदारी गर्नुपर्ने बताउँदै पीडितलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभएको थियो।

# माछापुच्छ्रे गा.पा.ले महिला सञ्जाल स्तरीय तीज गित प्रगियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं



कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिकाले नेपाली महिलाहरुको महान पर्व हरितालिका तीज विषेश महिला सञ्जाल स्तरीय तीज गित प्रतियोगिता शनिवार सम्पन्न गरेको छ।

प्रतियागितामा वडा न.५ रिभान वडा महिला सञ्जाल प्रमथ,वडा न.४ लाहाचोक महिला सञ्जाल द्धितिय, वडा न. ३ घाचोक महिला सञ्जाल तृतिय र वडा न.८ ल्वाङ्गले सान्तवना पुरस्कार प्राप्त गऱ्यो । प्रथम, द्धितिय, तृतिय र सान्तवना क्रमस नगरु १०,०००, ८,००० ,६००० र ४००० साथमा प्रमाणपत्र प्राप्त गरे । उत्कृष्ठ नृत्य तर्फ वडा नं ८ बाट गिता गौतमले प्राप्त गरिन् । कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष मिन बहादुर गुरुङले हाम्रो संस्कार र संस्कृतिको संरक्षणमा लाग्न अनुरोध गर्दै परम्परागत मान्यता र विधि नमर्ने गरी मनाउनु पर्नेमा जोड दिनुभयो । उपाध्यक्ष सिता अधिकारीले महिला सञ्जालको अनुरोधमा पालिका स्तरीय तीज गित प्रतियोगिताको आयोजना गरेको बताउनु भयो । कार्यक्रका विच महिलाको पूर्ण सहभागिताविना कुनैपनि राष्ट्रको आर्थिक, सामाजिक,सांस्कृतिक, राजनीतिक एवं समग्र विकास गतिविधिको सम्भावना नरहने उल्लेख गर्नुभयो ।

सस्कार र संस्कृतियुक्त तीजलाई भडकिलो र उत्ताउलो बनाउन नहुने समेत बताउनु भयो । माछुच्छ्रे गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत गोपीकृण्ण अर्याले, समाजिक विकास समितिका संयोजक एवं वडा न.९ का अध्यक्ष हरि ब. क्षत्री, कार्यपालिका सदस्य श्रीदेवी विश्वकर्मा, वडा न. ४ का अध्यक्ष मधुसुदन अधिकारी लगायतले शुभकामना दिनुभयो ।

गाउँपालिका उपाध्यक्ष सिता अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत महिला सञ्जाको अध्यक्ष कल्पना रानाभाटले र संचालन महिला तथा बालबालिका शाखा प्रमुख ज्योति पौडेले सञ्चालन गर्नभयो।

# बेनी बजारमा परम्परागत जोगी नाच प्रदर्शन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ भदौं

म्याग्दी सदरमुकाम बेनीमा परम्परागत जोगी नाच प्रदर्शन गरिएको छ। बेनीको सांस्कृतिक पहिचान बनेको एकमहिने वर्षे नाचअन्तर्गत शुक्रबार जोगी नाच देखाइएको हो।

नेवार समुदायको साझा संस्था नेपाल भाषा मंकाः खलःअन्तर्गतको युवाहरुको समूह ल्याम्हः पुचःको नेतृत्वमा बेनी बजार र मङ्गलाघाट बजारमा शुक्रबार दिनभर जोगीनाच प्रदर्शन गरिएको थियो । करिब ३० जना बढी युवायुवती र बालक सहभागी भएर शिव, पार्वतीको भेषमा सजिएर परम्परागत जोगी नाच देखाइएको जोगी नाचका संयोजक सुशीलकुमार श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार नयाँ कलाकारलाई तालिम दिएर जोगी नाचमा सहभागी गराइएको थियो। युवाको समूह नाचगानसहित बजारमा निस्किएपछि दिनभर सर्वसाधारणले रुचिपूर्वक नाच अवलोकन गरेका थिए।

बजारमा जोगी नाच प्रदर्शन गर्नुअघि लक्ष्मीनारायण मन्दिर परिसरमा महादेव र पार्वतीको पूजागरी उनीहरूलाई खुसी पार्न ताण्डव नृत्यसहित युवालाई जोगी बनाएर बजारमा नचाउने प्रचलन रहेको नेपाल भाषा मंकाःखलःका अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले बताउनुभयो । नृत्यका साथै घरघरमा पुगेर भिक्षास्वरुप सहयोग जुटाउने चलन पनि छ । भिक्षामा सङ्कलन हुने रकमलाई वर्षे नाचको व्यवस्थापन तथा संरक्षणमा खर्च गरिन्छ । बेनी बजारमा बस्ती बसेदेखि नै यो नाच देखाउन थालिएको हो । यस वर्ष लाखे नाच, घोडा नाच, जोगी नाच, नागनागिनी नाचसहित श्रीकृष्ण रथयात्रालगायत कार्यक्रम समावेश गरिएको ल्याम्हः पुचः का अध्यक्ष जेनेश श्रेष्ठले बताउनुभयो ।


## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाको लागि रिक्त रहेको निम्न पदका लागि तपसिल बमोजिमको योग्यता भएका व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

**पद : बजार प्रतिनिधि**

**आवश्यक संस्था : १ (एक) जना**

**उमेर : १८ बर्ष पुरा गरी ४५ वर्ष ननाघेको**

**आवश्यक न्युनतम योग्यता** : व्यवस्थापन संकायमा +२ उर्त्तीण वा सो सरह, सहकारी वा वित्तीय क्षेत्रमा कार्य गरेको, चालक अनुमति पत्र प्राप्त भएको, (साधन भएकालाई विशेष प्राथमिकता) बजार व्यवस्थापन सम्बन्धी ज्ञान भएको, कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको ।

**आवश्यक कागजातहरू**: हस्तलिखित निवेदन, व्यक्तिगत विवरण, नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्र, कम्प्युटर सम्बन्धि तालिमको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो २ थान सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

**दरखास्त दिने स्थान**: संस्थाको कार्यलय पोखरा -९ (पृथ्वीचोक) कुन्ति मलको दोस्रो तला

**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८१/०५/२३ गते कार्यालय समयसम्म

**छनौटको किसिम** : लिखित प्रयोगात्मक र अन्तर्वार्ता

**पारिश्रमिक** : संस्थाको नियम अनुसार

**सम्पर्क**
**पवित्र वचत तथा ऋण सहकारी संस्था लिं.**
**पोखरा-९, पृथ्वीचोक, कुन्ति मल**
**फोन नं. ०६१-५७१०६३**